# ज्येष्ठ नागरिक मिलन केन्द्रलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९

प्रस्तावना: ज्येष्ठ नागरिक मिलन केन्द्रलाई अनुदान उपलब्ध गराउने प्रक्रियालाई सरल, सहज र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०७९ को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "ज्येष्ठ नागरिक मिलन केन्द्रलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "मिलन केन्द्र" भन्नाले ज्येष्ठ नागरिकलाई शुल्क लिई वा नलिई दिउँसोको समयमा हेरचाह गर्नको लागि स्थापना तथा सञ्चालन भएको घर, आश्रम वा यस्तै प्रकृतिका अन्य संरचना सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।

(ग) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

३. उद्देश्य: देहाय बमोजिमको उद्देश्यको लागि मन्त्रालयबाट मिलन केन्द्रलाई अनुदान रकम उपलब्ध गराइनेछ:-

(क) ज्येष्ठ नागरिक बीच भेटघाट हुने अवसर जुटाई निजमा रहेका ज्ञान, सीप, अनुभव आदान प्रदान गर्दै सो ज्ञान सीपलाई युवापुस्तामा हस्तान्तरण गर्ने वातावरण सिर्जना गर्नु,

(ख) ज्येष्ठ नागरिकमा हुन सक्ने नैराश्यता तथा एक्लोपनको महसुसलाई कम गरी जीवन सहज र रमाईलो बनाउनु,

(ग) ज्येष्ठ नागरिकको सम्मान हुने गरी कार्यक्रम सञ्चालन गर्नु,

(घ) ज्येष्ठ नागरिकले आफूसँग भएको सीपको उपयोग गरी कुनै सामानको उत्पादन/निर्माण/बिक्री वितरण गर्न चाहेमा सोको लागि उत्पादन/निर्माण, बिक्री वितरणको व्यवस्था मिलाउनु,

(ङ) ज्येष्ठ नागरिकद्वारा उत्पादित सामाग्री/प्रकाशित पुस्तक आदिको बिक्री वितरणको लागि बिक्री कक्ष उपलब्ध गराई सहजीकरण गर्नु ।

४. मिलन केन्द्र निर्माण तथा सञ्चालन सम्बन्धी मापदण्ड: देहाय बमोजिम मिलन केन्द्र निर्माण तथा सञ्चालन सम्बन्धी मापदण्ड हुनेछ:-

(क) प्रचलित कानून बमोजिम दर्ता भई सम्पूर्ण भौतिक संरचना ज्येष्ठ नागरिकमैत्री भएको,